मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

पूर्वाञ्चल

Purwanchal National Daily

झापामा नक्कली नोटसहित छ जना भारतीय पक्राउ

झापा, कात्तिक १७। झापामा एक हजारको नक्कली नोटसहित ६ जना भारतीय नागरिक पक्राउ परेका छन् ।

पक्राउ पर्नेहरुमा भारत बिहार राज्य किसनगञ्ज जिल्लाका २४ वर्षीय अञ्जर आलम, दिघलबैंक मंगोराका १९ वर्षीय अजरत अली, १८ वर्षीय महबुल हक, पूर्णिया जिल्लाका १९ वर्षीय परवेज आलम, २२ वर्षीय साकिब आलम र २० वर्षीय आजमल हक रहेको जिल्ला प्रहरी कार्यालय झापाका

(बाँकी अन्तिम पृष्ठमा)

◆ वर्ष : २८ ◆ अङ्क : ३४१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८० कात्तिक १८ गते शनिबार (Saturday, Nov 4. 2023) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु. : ४/-

हात्तीको दाह्रासहित दुई जना पक्राउ

झापा, कात्तिक १७। हात्तीको दाह्रासहित दुई जनालाई प्रहरीले अर्जुनधाराबाट पक्राउ गरेको छ ।

अर्जुनधारा-७ जरुवा टोल निवासी ४७ वर्षीय तिखवहादुर विश्वकर्मा र सोही ठाउँका ५० वर्षीय सावा लिम्बूलाई प्रहरीले पक्राउ गरेको हो ।

सात इञ्च लम्बाइ १२ इञ्च गोलाइ भएको एक केजी ७९० ग्रामको दाह्रासहित उनीहरुलाई घरैबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक खगेन्द्र रिजालले जानकारी दिए ।

जरुवा टोल निवासी विश्वकर्माको घरमा हात्तीको दाह्रा लुकाइछिपाइ राखेको सूचनाको आधारमा प्रहरी चौकी शनिश्चरेबाट गएको प्रहरीको टोलीले छापा मारेको थियो । सो क्रममा विश्वकर्माको किराना पसलमा हात्तीको वंगारा फेला परेको प्रहरीले जनाएको छ ।

प्रहरीले शुक्रवार बिहान २:३० बजेको समयमा विश्वकर्माको पसलमा छापा मारेको थियो । सो क्रममा बंगारासहित पक्राउ परेका दुवै जनालाई इलाका प्रहरी कार्यालय अनारमनी ल्याएको र उनीहरुलाई जिल्ला वन कार्यालय पठाइएको इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायव उपरीक्षक सुरज कार्कीले बताए ।

प्रहरी चौकी शनिश्चरेमा कुमार खड्काले नेतृत्व सम्हालेसंगै अबैध चौरी तस्करी नियन्त्रण, लागूऔषध नियन्त्रण तथा अन्य आपराधिक गतिविधिका घटनामा न्यूनीकरण भएको बताइएको छ ।

नेपाल टी-२० विश्वकपमा

काठमाडौँ, कात्तिक १७। नेपाल सन् २०२४मा अमेरिका र वेस्ट इण्डिजमा हुने आईसीसी मेन्स टी-२० विश्वकपमा छनौट भएको छ । माथिल्लो मूलपानी क्रिकेट मैदानमा संयुक्त अरब इमिरेट्स (युएई)लाई आठ विकेटले पराजित गर्दै नेपाल दोस्रोपटक विश्वकपमा छनौट भएको हो ।

यूएईले दिएको एक सय ३५ रनका लक्ष्य नेपालले १७ दशमलव एक ओभरमा दुई विकेटको क्षतिमा पूरा गऱ्यो । नेपालको जीतमा विकेटकिपर आशिफ सेखले अर्धशतकीय पारी खेले । उनले ५१ बलमा एक छक्का र सात चौकाको सहयोगमा ६४ रन बनाए ।

कप्तान रोहित पौडेलले दुई छक्का र दुई चौकाको सहयोगमा ३४ रन बनाए भने गुलशन झाले २२ र कुशल भुर्तेलले ११ रन बनाए । यूएईका लागि निलान्स केस्वानी र बसिल हमिदले एक/एक विकेट लिए । टस जितेर पहिले ब्याटिङ रोजेको यूएईले निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा एक सय ३४ रन बनायो । यूएईका लागि विकेटविकपर वृत्या अरविन्दले सर्वाधिक ६४ रन बनाए । उनले ५४ बल खेल्दै दुई छक्का र आठ चौका प्रहार गरे । कप्तान मोहम्मद वासिमले १६ बलमा दुई

छक्का र तीन चौकासहित २६ रन बनाए । आसिफ खानले १३, अलिसन सफारुले १६ रन बनाए भने अन्य ब्याटरले उल्लेखनीय योगदान दिन सकेनन् ।

नेपालका लागि कुशल मल्लले तीन र सन्दीप लामिछानेले दुई विकेट लिए । साथै सोमपाल कामी र राहित पौडेलले एक/एक विकेट लिए । दुई ब्याटर रन आउट भए ।

नेपाल समूह 'ए' बाट उपविजेता र युएई समूह 'बी' को विजेता बन्दै सेमीफाइनलमा पुगेका थिए । समूहको अन्तिम खेलमा नेपाल ओमानसँग पाँच रनले पराजित भएको थियो । समूह चरणको आफ्नो पहिलो खेलमा नेपालले सिङ्गापुरलाई आठ विकेट र मलेसियालाई छ विकेटले पराजित गरेको थियो ।

आजै भएको पहिलो सेमीफाइलमा ओमानले बहराइनलाई १० विकेटले पराजित गरेको छ । आइतबार हुने फाइनलमा नेपाल र ओमान भिड्नेछन् ।

प्रधानमन्त्रीद्वारा नेपाली क्रिकेट टोली बधाई

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाली क्रिकेट टोली टी-२० विश्वकप प्रतियोगिताका लागि छनोट भएकोमा बधाई दिएका छन् ।

उनले पछिल्लो समय क्रिकेटमा नेपाली टोलीले प्राप्त गरेको सफलता र उचाइप्रति सरकारकोतर्फबाट उच्च सम्मान व्यक्त गरेका छन् । प्रधानमन्त्री दाहालले नेपाली टोलीको आगामी यात्रामा सफलताको कामनाका साथै सरकार सँधै क्रिकेट खेलाडीको साथमा रहने प्रतिबद्धता व्यक्त गरेका छन् ।

'चिनी लुकाएको थाह भए १००मा फोन गर्नु'

काठमाडौँ, कात्तिक १७। नेपाल प्रहरीले चिनीको कृत्रिम अभाव सिर्जना गरेको पाइए त्यसको सूचना प्रहरीको निःशुल्क हटलाइन नम्बर (१००) मा दिन आग्रह गरेको छ ।

चिनीको कालोबजारी, जम्माखोरी वा कृत्रिम अभाव सिर्जना गरेको पाइएमा त्यसको सूचना हेलो सरकार, प्रहरीको निःशुल्क हटलाइन १०० वा नेपाल प्रहरीको आधिकारिक सामाजिक सञ्जालमा जानकारी दिन आग्रह गरिएको केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायव महानिरीक्षक कुवेर कडायतले जानकारी दिए ।

उनका अनुसार चिनीको अभाव हुन नदिन प्रहरीका सम्पूर्ण इकाइ सक्रिय रुपले परिचालन गरिएको छ । तिहारको मुखमा बजारमा चिनीको कृत्रिम अभाव सृजना गरी चिनीको अभाव भएको जनगुनासो आएपछि सम्पूर्ण इकाइलाई सक्रिय परिचालन गरेको प्रवक्ता कडायतले बताए । उनले भने- पछिल्लो समय बजारमा चिनीको कृत्रिम अभाव सिर्जना गरिएको भन्ने खबर पाएपछि बजारमा चिनीको आपूर्ति सहज बनाउन सबै उपाय लगाइने छ ।

गतबिहीबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा भएको सरोकारवालाहरुको बैठकले प्रहरी प्रशासन परिचालन गरेर आयातकर्ता र उद्योगमा चिनीको भण्डारण खोजतलास गर्ने र भेटिएको चिनी बजारमा पठाउने निर्णय गरिएको थियो । सो बैठकले अवैध ढङ्गले नेपाली बजारमा चिनी भित्रिएको र चर्को मूल्यमा करछली गर्दै बजारमा पठाइने गरेको निष्कर्ष निकाल्दै चिनीको

कालोबजारी रोक्न राज्यका सम्पूर्ण निकायलाई परिचालित गर्ने निर्णय गरेको थियो ।

तिहारको समयमा चिनीका अभाव हुन नदिन एभरेष्ट सुगर मिल्समा मौज्दात रहेको तीन हजार मेट्रिक टन चिनी बजारमा पठाउन थालिएको छ । विभिन्न पेय पदार्थ उत्पादक कम्पनीका नाममा बिक्री भएर उद्योगमै मौज्दात रहेको उक्त परिणामको चिनी वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको सक्रियतामा खुद्रा व्यापारी मार्फत बजारमा पठाउन लागिएको हो ।

बिहीबार गुह्येश्वरी ट्रेड लिङ्कमार्फत एक सय ६० बोरा चिनी क्षेत्रपाटी, शोभाभगवती, पक्नाजोल र नरदेवीलगायत क्षेत्रका खुद्रा पसलमा बिक्रीका लागि पठाइएको नेपाल खुद्रा व्यापार सङ्घका कार्यवाहक अध्यक्ष नरेश खड्गीले जानकारी दिए । दशैँको समयमा माछा, मासु खाइने भएकाले चिनीको खासै आवश्यकता नहुने गरेको भए पनि तिहारको समयमा प्राय रोटीलगायतका चिज वस्तुका लागि चिनी आवश्यक पर्ने हुँदा दशैँभन्दा बढी तिहारमा चिनीको माग बढ्ने गरेको पाइन्छ ।

यसैगरी भारतबाट २५ हजार मेट्रिक टन चिनी ल्याउन लागिएको छ । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका निर्देशक तथा सूचना अधिकारी आनन्दराज पोखरेलले जी टु जीमार्फत चिनी ल्याउन लागिएको बताए । उनले भने- भारतबाट जीटूजी (सरकार-सरकार) मार्फत चिनी आउन लागेको हो । उक्त चिनी नेपालमा रहेका साल्टट्रेडिङ र खाद्य व्यवस्था व्यापार कम्पनीमार्फत बिक्री वितरण गरिने छ ।

शनिबार र आइतवार भारतमा सरकारी बिदा हुने भएकाले त्यसपछि मात्र चिनी आयात हुने उनको भनाइ छ । चाडपर्वको मौका छोपेर केही व्यापारीले चिनी लुकाएको आशङ्का गरी सरकारले चिनीका गोदाममा छापा मार्न प्रहरीलाई निर्देशन दिइसकेको छ । यस्तै, चिनीको अभाव हटाउन उद्योगीसँग मौज्दातमा रहेको चिनी पनि बजार पठाउन थालिएको जनाइएको छ ।

सुनसरीमा ३००० हेक्टर क्षेत्रफलमा आलु खेती

इनरुवा, कात्तिक १७। सुनसरीका कृषक आलु खेती लगाउनतर्फ व्यस्त भएका छन् ।



जिल्ला सदरमुकाम इनरुवासहित भोक्राहा नरसिंह, कोशी, हरिनगर, देवानगञ्ज, गढी, बराहक्षेत्र, दुहबी धरानलगायत स्थानमा बसोबास गर्ने किसान दसैँ सकिएसँगै आलु खेती गर्नेतर्फ व्यस्त भएका हुन् ।

इनरुवाका किसान गौरी यादवले दशैँ अगाडि धानबाली भित्र्याएपछि अहिले आलु रोप्नका लागि चटारो रहेको बताए । हरिनगरका चन्दन मेहताले भने- आलु रोप्न भ्याइनभ्याइ छ ।

यहाँका कृषकले हिउँदे बालीका रुपमा मुख्यत: आलुखेती नै गर्ने गरेको कृषि ज्ञान केन्द्र सुनसरीका प्रमुख नीलकमल सिंहले जानकारी दिए । आलुको माग बजारमा उच्च भएपछि किसान थप व्यावसायिक रूपमा आलु खेतीमा लाग्ने गरेको स्थानीय कृषकले बताएका छन् । जिल्लामा एउटा किसानले एक कट्ठादेखि पाँच बिघा क्षेत्रफलसम्म आलु खेती गर्ने गरेको छ ।

विगतमा परम्परागत पुरानो आलुको बीउ लगाउँदै आएको किसान अहिले नयाँ जातको बीउ लगाउन थालेका छन् । यहाँका किसानले मुख्यत: काडिनल, जनक, कुफरी जपि, भुटानी, सठिया, टिपिएस लगायतका जातका आलु लगाउने गरेको ज्ञान केन्द्र सुनसरीका प्रमुख सिंहले जानकारी दिए । यहाँको आलु सदरमुकाम इनरुवा हुँदै अन्य मुख्य तरकारी बजारमा बिक्री हुने गरेकाले बजारको अभाव नरहेको कृषकको भनाइ छ । यहाँ वार्षिक रुपमा तीन हजार हेक्टर क्षेत्रफलमा आलु खेती हुने गरेको कृषि ज्ञान केन्द्र सुनसरीका प्रमुख सिंहले जानकारी दिए ।

बलात्कार गर्ने भिन्डीका सुकलाल पक्राउ

झापा, कात्तिक १७। नाबालिगलाई बलात्कार गरेको आरोपमा प्रहरीले झापाबाट एकजना युवकलाई पक्राउ गरेको छ ।

मेचीनगर नगरपालिका-१५ स्थित भिन्डी बस्ने २१ वर्षीय सुकलाल हास्दालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

सोमबार दिउँसो घरमा गएर युवकले बालिकालाई ललाइफकाइ बलात्कार गरेको आरोप छ । बलात्कार गरेको सुराक पाएपछि प्रहरी चौकी ज्यामिरगढीबाट खटिएको टोलीले उनलाई पक्राउ गरेको हो ।

साढे १६ लाखसहित युवक नियन्त्रणमा

काठमाडौँ, कात्तिक १७। पश्चिम नवलपरासीबाट प्रहरीले स्रोत नखुलेको रकमसहित एकजना युवकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा पाल्हिनन्दन गाउँपालिका-२ हरपुर बस्ने २५ वर्षीय इमरान खान छन् । रामग्राम नगरपालिका-७ उजैनीबाट पक्राउ परेका उनको साथबाट प्रहरीले १६ लाख ५० हजार नगद बरामद गरेको छ । आरोपितले सो रकमको स्रोत खुलाउन सकेका छैनन् ।

जिल्ला प्रहरी कार्यालय नवलपरासी पश्चिमबाट खटिएको प्रहरीले लु.९० प ७८८५ नम्बरको मोटरसाइकलमाथि जाँच गर्ने क्रममा खानको साथमा सो रकम फेला परेको थियो । घटनाबारे प्रहरीले अनुसन्धान गरिरहेको छ ।

पाथीभरामा बलिको विकल्प नरिवल

फुङ्लिङ (ताप्लेजुङ), कात्तिक १७। ताप्लेजुङस्थित प्रशिद्ध तीर्थस्थल पाथीभरामा विस्तारै बलि चढाउने प्रचलन कम हुँदै गएको छ । भक्तजनले खसीबोका बलि चढाउनुको साटो नरिवल चढाउन थालेका छन् ।

यहाँ केही वर्षअघिसम्म दैनिक सयौँ पशुको बलि चढाउने गरिन्थ्यो । देवीलाई बलि चढाउँदा देवी खुशी हुने र आफूले चिताएका इच्छा, आकांक्षा सबै पूरा हुने जनविश्वासले यहाँ आउने अधिकांश भक्तजनले पशुको बलि चढाउँथे । पाथीभराका पुजारी डिल्ली आचार्यका अनुसार पाथीभरा दर्शनको याम मानिने (बडादशैँ, रामनवमी) का समयमा कम्तीमा पाँच सयदेखि एक हजार पशुको बलि चढाउने गरिन्थ्यो । स्वदेश तथा विदेशबाट आएका तीर्थयात्रीले बलि चढाउन पशुपक्षी लिएर आउँथे ।

अहिले यो चलन क्रमश: घट्दै गएको छ । हिजोआज बिरलै मात्र पशु बलि दिने गरिएको

छ । पहिला यामका बेला दिनमै पाँच सयदेखि हजार-बाह्र सयसम्म पशु बलि चढाइन्थ्यो, तर अहिले बढीमा १५-२० बलि चढाइन्छन्, यसको सट्टामा भक्तजनले नरिवल फुटाएर पूजाआजा गर्ने, फलफूल चढाउने, लाखबत्ती बाल्ने चलन बढेको पाथीभरा क्षेत्र विकास समितिले जनाएको छ ।

बलि चढाउँदा पशुपक्षीको रगतले रगताम्य हुने मन्दिर परिसर पछिल्लो समयमा सुन्दर र सफा हुन थालेको छ । रगतका कारण हुने फोहर र दुर्गन्धमा कमी हुनुका साथै मन्दिर वरपरको भाग सफा र सुन्दर भएको पाथीभरा क्षेत्र विकास समितिका कार्यकारी निर्देशक मनमणि काफ्लेले बताए ।

पछिल्लो समय प्राणीको हत्या नगरी धर्मकर्म गर्न सकिन्छ भन्ने चेतनाको विकासले पनि बलि प्रथा कम हुँदै गएको हो । प्रेम, सद्भाव र पुण्यको सन्देश दिने धर्मका नाममा हुने बलिप्रथा पूर्णरूपले निर्मूल हुनु नै राम्रो हुने भक्तजनको भनाइ छ । धर्मका नाममा निर्दोष पशुको बलिप्रथा अन्त्य गर्नुपर्छ भन्ने समाजमा आवाज उठ्न थालेकाले विस्तारै न्यूनीकरण हुँदै जाने कतिपयले बताउने गरेका छन् ।

पाथीभरामा बलिप्रथा

बलिप्रथा किन र कसरी शुरु भयो भन्ने विभिन्न तर्कहरू होलान् । तर पाथीभरामा बलि चढाउने प्रथाको शुरुवातबारे केही फरक तर्कहरू पाइन्छन् । देवीको उत्पत्तिबारे एउटा किम्वदन्ती छ । किम्वदन्ती अनुसार परापूर्वकालमा एउटा भेडीगोठ थियो । एकरात भेडा गोठबाट भेडाको संख्या हजारौँ भएकाले गोठाला पनि थुप्रै थिए । भेडीगोठलाई विभिन्न खर्क (चरन क्षेत्र)मा सार्दै लैजाने क्रममा गोठालाले मन्दिर रहेको क्षेत्रमा पुऱ्याए । जुन बेला त्यहाँ देवी अवस्थित रहेको भन्ने गोठालालाई थाहा थिएन । पाथीभराको शिरमा भेडीगोठ लिएर पुगेका गोठाला गोठ बनाएर बास बसे । भोलिपल्ट बिहान उठेर हेर्दा गोठालाले एउटा पनि

(बाँकी अन्तिम पृष्ठमा)

OSHO DIVINE DOORS

ओशो ध्यान प्रयोग

मिति:कार्तिक १९ देखि २४

स्थान: **Osho Divine Doors,** हर्कटे, इलाम।

प्रेम र मित्रताको शक्ति मार्फत आफ्नो जीवन परिवर्तन गर्ने यो अवसरलाई नबिर्सनुहोस्। सुन्दर **OSHO Divine Doors** मा हामीसँग सामेल हुनुहोस्।

थप जानकारीको लागि र यस जीवन परिवर्तन गर्ने रिट्रीटमा आफ्नो स्थान आरक्षित गर्न

[www.oshodivinedoor.com]

(www.oshodivinedoor.com) मा जानुहोस् वा **977 9824999770** मा कल गर्नुहोस्।

प्रेम, मित्रता, र भित्री रूपान्तरणको बाटो पत्ता लगाउनुहोस्!

FACILITATOR :
MA SHALLU ANNAND

लालीगुराँस महिलाको १७औं सभा

अर्जुनधारा, कात्तिक १७। झापाको अर्जुनधारा-८स्थित लालीगुँरास महिला कृषि सहकारी संस्था लिमिटेडको १७औं वार्षिक साधारणसभा शुक्रबार सम्पन्न भएको छ ।

स्थानीय दूधेश्वर शिवालय मन्दिरको सभाहलमा संस्था सञ्चालक समितिकी अध्यक्ष चन्द्रकुमारी लिम्बूको अध्यक्षतामा आयोजित उक्त सभाको प्रमुख अतिथि वडाध्यक्ष कुमारप्रसाद उप्रेतीले उद्घाटन गरेका थिए ।

सभामा अध्यक्ष लिम्बूले संस्थाको गत आर्थिक वर्ष ०७९/०८०को वार्षिक प्रगति प्रतिवेदन र लेखा समितिकी संयोजक मीना श्रेष्ठले लेखा समितिको प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रस्तुत प्रतिवेदनमा संस्थाको जम्मा शेयरपुँजी ९८ लाख २८ हजार सात सय रुपैयाँ, जगेडा कोषमा ३९ लाख १८ हजार सात सय ५५ रुपैयाँ, कर्जा जोखिम कोषमा दुई लाख १९ हजार नौ सय ८९ रुपैयाँ, अन्य कोषहरुमा २१ लाख ८५ हजार पाँच सय १२ रुपैयाँ, निक्षेप बचत दुई करोड ६९ लाख ३९ हजार आठ सय ५८ रुपैयाँ र कर्जा लगानी तीन करोड ९२ लाख १९ हजार चार सय ९४ रुपैयाँ उल्लेख गरिएको छ ।

त्यसैगरी संस्थाको गतआर्थिक वर्षको जम्मा आम्दानी ९० लाख ६३ हजार दुई सय २० रुपैयाँ नौ पैसा, जम्मा खर्च ७१ लाख ९२ हजार सात सय २६ रुपैयाँ र नाफा १८ लाख ७० हजार चार सय ९३ रुपैयाँ रहेको छ ।

सोही कार्यक्रममा ज्येष्ठ शेयर सदस्यद्वय चन्द्रमाया विक र भगीरथा पौडेल, दैनिक बचततर्फ प्रतिमा शंकर र हिमकला ढकाल, मासिक बचततर्फ कमलादेवी ढुङ्गेल र चन्द्रकला भट्टराई, बाल बचततर्फ पूर्णिमा दनुवार तथा कर्जातर्फ तारा गिरी र मीरा चौलागाईलाई सम्मान गरिएको थियो ।

त्यस्तै संस्थाले स्थापना गरेको वृद्ध भत्ता कोष अन्तर्गत नियमित बचत गरी १० वर्ष पूरा गरेका ७० वर्षमाथिका शेयर सदस्यहरु गोमादेवी कार्की, चन्द्रकला बस्नेत, टहलकुमारी सापकोटा, देवीकला दाहाल, देवीमाया खनाल, मित्रमाया राना मगर, सरस्वती बराल, सुन्दरा ओली र हेमकला पौडेललाई वृद्ध भत्ता उपलब्ध गराइएको थियो । उनीहरुलाई मासिक पाँच सय रुपैयाँका दरले भत्ता वितरण गरिएको थियो ।

सभामा अर्जुनधारा नगरपालिका सामाजिक विकास शाखा प्रमुख राजविक्रम खड्का, प्रज्ज्वला अपाङ्ग तथा महिला बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष डिल्ली घोर्साई, सहनशील महिला बचत तथा ऋण सहकारी संस्थाकी अध्यक्ष ज्ञानकुमारी थापालगायतले शुभकामना मन्तव्य राखेका थिए । समितिकी उपाध्यक्ष हिमादेवी विष्टले स्वागत गरेको उक्त सभाको सञ्चालन व्यवस्थापक पवित्रा श्रेष्ठ गिरीले गरेकी थिइन् ।

देवभूमिमा 'रोबो एण्ड कलिनरी फेस्ट'

अर्जुनधारा, कात्तिक १७। झापाको अर्जुनधारा-५ स्थित देवभूमि विद्यापीठ आवासीय विद्यालयको आयोजनामा शुक्रबार एक दिने रोबो एण्ड कलिनरी फेस्ट-२०८० सम्पन्न भएको छ ।

बिर्तामोडस्थित इकोन कलेज र स्टार रोबोटिक्सको प्राविधिक सहयोगमा आयोजना गरिएको उक्त कार्यक्रम विद्यार्थीहरुलाई सैद्धान्तिकसँगै व्यावहारिक शिक्षा प्रदान गर्ने उद्देश्यले आयोजना गरिएको विद्यालयका संस्थापक सुमन शर्मा जम्मरकट्टेलले जानकारी दिए ।

कक्षा ४ देखि १० सम्मका विद्यार्थीहरुको सहभागिता रहेको रोबो फेस्ट अर्न्तगत अर्थक्वेक एलार्म सिस्टम, क्रेन मोडल, ब्लुटुथ स्मार्ट कार, अटोमेटिक वाटर पम्पिङ सिस्टम, भोलकेनो मोडल, मोटर बोट एण्ड कार्गो सिप आदिको प्रदर्शनी गरिएको थियो ।

त्यसैगरी कक्षा ५देखि १० सम्मका विद्यार्थीहको सहभागिता रहेको कलिनरी फेस्ट अन्तर्गत २० प्रकारका खाद्यान्न तयार गरि राखिएको थियो । संस्थापक जम्मरकट्टेलको अध्यक्षतामा आयोजित उक्त कार्यक्रमको प्रमुख अतिथि प्याब्सन अर्जुनधाराका अध्यक्ष रुद्रप्रसाद सिटौलाले उद्घाटन गरेका थिए । प्याब्सन झापाका उपाध्यक्ष टीआर गौतम, प्याब्सन अर्जुनधाराका कोषाध्यक्ष राजन वाग्लेलगायतको आतिथ्य रहेको उक्त कार्यक्रममा स्वागत शिक्षक समिर नेपालले गरेका थिए ।

जब पुरूषले युवतीको मुख थुन्छ...

काठमाडौं, कात्तिक १७। सात समुन्द्र पारिको देश, मध्यरात र एक्लो कोठामा सुतिरहेको अवस्थामा कोही पुरुषले आफ्नो मुख थुन्छ । हातभरी कुवेती डलर बोकेको वयस्क पुरुषले भन्छ- 'तलाईं चाहिएको जति दिन्छु, मैले भनेको मान् ।'

कौशिला विकले भएभरको बल लगाएर त्यस व्यक्तिसँग प्रतिकार गरिन् । आफूलाई अँठ्याउन खोजेको पुरुषलाई भुइँमा पछारिन् । हतारहतार कोठाको चुकुल लगाइन् र आफूलाई बचाइन् । त्यसपछि शुरु भए उनका थप कष्टका दिन । घरेलु कामदारका रुपमा कुवेत पुगेकी बागलुङको काठेखोला-८ लेखानीकी २३ वर्षीया कौशिलाले व्यहोरेको व्यथा हो यो । आफन्तकै सल्लाहमा सरसफाई मजदुर बनेर कुवेत पुगेकी उनी त्यहाँ पुग्दा घरेलु कामदार बनिन् । कुवेत पुगेको दुई साता नबित्दै कौशिलामाथि हिंसाको प्रयास भयो ।

हिंसात्मक घटनामा प्रतिकार गरेकैले उनलाई २८ दिनमा तीन ठाउँमा काम फेरियो । जहाँ गए पनि कामको अवस्था भने उस्तै । नेपालमा हुँदा खाडी मुलुकमा महिलामाथि हुने हिंसाका घटनाका विषयमा धेरैथोरै समाचार सुनिरहेकी कौशिलाले कुवेतमा बसेर घरको ऋण तिर्नभन्दा पनि स्वदेश नै फर्किने निर्णय लिइन् । मेरै आँखा अगाडि एक एजेन्टले नौ सय कुवेती डलरमा एक नेपाली दिदीलाई कुवेतीको घरमा काम गर्न बेचे, अनि मेरो मन थामिएन- कौशिलाले भने- मैले नेपाल फर्किने बाटो खोजें । उनले नेपाल फर्किन खोजेको यहाँ रहेका एजेन्टले थाहा पाएपछि कौशिलाको मोबाइल खोसियो । बन्द कोठमा बिना काम राखेर मानसिक तनाव मात्रै दिने गरेको उनले सुनाइन् ।

नेपालमा क्लिनर हो भने, विमानस्थल पसेपछि बल्ल डकुमेन्ट दिए । दुईथरी डकुमेन्ट दिएका थिए, उता देखाउने र यता देखाउने दुईथरी भनेर । हामीलाई दिएको कागजमा कुवेतको भिजिट भनेर लेखिएको थियो- कौशिलाले भनिन्- नेपालकै विमानस्थलमा दुईथरी डकुमेन्ट र भिजिट भनेर होटल समेत बुक गरेको कागज देखेपछि नजाने भनेकी थिएँ तर विमानस्थलमै बसेका एजेन्टले फर्किन दिएनन् । कुवेत पुगेपछि कम्पनीको प्रतिनिधि आएर लिएर गयो । घरेलु काममा लगायो । केही दिन काम राम्रै थियो, ठाउँ फेरिदियो र हिंसाको प्रयास भयो ।

कुवेतमै रहेकी एक नेपालीको मोबाइलको सहारामा माइती नेपाल र सुरक्षित आप्रवासन परियोजनामा सम्पर्क गरेकी उनले सबै कागज भने सुरक्षित राखेकी थिइन् । वाग्लुङमा सञ्चालित सुरक्षित आप्रवासन कार्यक्रमले उनको सबै डकुमेन्ट मगायो । कौशिलाले समय समयमा लुकीलुकी डकुमेन्ट उपलब्ध गराइन् । उक्त कार्यक्रमले विभिन्न अन्तर्राष्ट्रिय संघ-संस्थासँगको सहकार्यमा कौशिलासम्म पुगेर सकुशल उनलाई नेपाल ल्यायो ।

मैले एजेन्टलाई कि मलाई नेपाल फर्काऊ, होइन भने चार तलामाथि छु हाम फालेर मर्छु, तँ पर्छस् भनें- कौशिलाले भनिन् । मरे शव ल्याउन पहल गर्छु भनेर उसले जवाफ दियो । सुरक्षित आप्रवासन कार्यक्रमले दिनरात नभनी आफ्नो उद्धार गरेको उनले बताइन् ।

'उपहार' फागुन २५ लाई निश्चित

यस वर्षको महाशिवरात्रीमा नेपाली फिल्मबीच रोचक प्रतिस्पर्धा हुने छनक देखिएको छ । आगामी फागुन २५ गते एकपछि अर्को फिल्म थुप्रिरहेका छन् । 'काँडेतार', 'रंगेली' र 'लोकल हिरो'पछि अब यो मितिमा अभिनेत्री रेखा थापाको कमव्याक फिल्म 'उपहार' पनि प्रदर्शनमा आउने भएको छ । शुक्रबार एक गीत रिलिज गर्दै महाशिवरात्रीलाई फिल्मको प्रदर्शन मिति घोषणा गरिएको हो ।

काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक गरिएको डान्सिङ तथा रोमान्टिक फ्लेवरको 'वाह् वाह् वाह्' गीतमा फिल्मका तीन जोडी फिचर्ड छन् । रेखा थापा र मुकुन भुषालले पानीमा नृत्य पस्किएका छन् भने पूजा शर्मा र समर्पण जंग कार्कीको केमेस्ट्री आकर्षक देखिन्छ । त्यसैगरी, बेनिशा हमाल र तेज गिरीको नृत्य पनि रोमाञ्चक छ । पूजा र बेनिशा बोल्ड अवतारमा प्रस्तुत छन् ।

बाबुल गिरी र एलिना चौहानको स्वर रहेको गीतमा शंकर अधिकारी (घायल)को शब्द रचना तथा गायक गिरी स्वयंको संगीत छ । गीतको अडियो पक्ष बलियो छ । गायनमा तालमेल नमिलेको भान भए पनि संगीत पक्ष बुलन्द छ । र, शब्द सजिलै सम्झन सक्ने खालको छ । तिहारको माहोलमा गीतले राम्रै चर्चा पाउन सक्ने देखिन्छ । गीतमा कविराज गहतराजको कोरियोग्राफी रहेको छ ।

ज्ञानेन्द्र देउजाको निर्देशनमा बनेको 'उपहार'मा शिशिर राणा, सुष्मा कार्की, अन्शु महर्जन, आशा भुषाललगायतको पनि अभिनय छ । रेखा फिल्मस् र कपनगढी फिल्मस्को ब्यानरमा निर्माण भएको फिल्मको कार्यकारी निर्मातामा रेखाका श्रीमान् बलराम शाही ठकुरी छन् । निर्मातामा भने सुलभ प्रतिक र समीक्षा देउजा रहेका छन् । फिल्मका अन्य तीन गीतमा अर्जुन पोखरेलको संगीत छ ।

विष्णु कल्पित घिमिरेको छायांकन, मित्र डि. गुरुङको सम्पादन, सुलक्षण भारतीको कथा, भारतीका साथै अभिमन्यू निरवी र माधव शर्माको पटकथा तथा संवाद रहेको फिल्ममा रोशन श्रेष्ठको द्वन्द्व निर्देशन छ । गीत रिलिज कार्यक्रममा निर्देशक देउजाले 'उपहार' सामाजिक विषयवस्तुमा आधारित रहेको बताए । फिल्ममा हाँस्यदेखि रोदनसम्म सबै कुराको समिश्रण रहेको उनको जिकिर छ ।

पाथीभरामा ...

भेडा देखेनन् । साँझ जम्मा भएका भेडा एकाएक हराएको पाएपछि गोठाला अचम्ममा परे । उनीहरूले दिनभर भेडा खोजी गरे तर कुनै अत्तोपत्तो पाएनन् ।

दिनभर जङ्गल घुमेर खोजी गर्दा नभेटेपछि साँझ निराश हुँदै बासस्थानतर्फ फर्किएर सुते । राति सपनामा गोठालामध्येका एकले साक्षात् कालीको रूप देखेछन् । सपनामै ती देवीले 'तिमीहरू नआत्तिनु, मलाई भेडाको बलि दिनु, हराएका तिम्रा भेडा पाउनेछौं र तिम्रो मनोकामना पनि पूरा हुनेछ- भनिन् । देवीको यस्तो कुरा सुनेपछि गोठालाले पनि 'हुन्छ, म तपाईंले भनेबमोजिम गर्छु'- भनेछ । त्यत्तिकैमा ती गोठाला निद्राबाट ब्यूँझिए । यसो हेर्दा आफ्ना हराएका सबै भेडा देखे । त्यसपछि गोठालाले भेडाको बलि दिएर त्यहाँ पूजाआजा गरी अन्यत्रै गोठ सारे ।

यसरी भएको घटना जताजतै फैलियो । त्यहाँ मानिस पूजाआजा गर्नका लागि जान थाले । गोठालालाई सपनामा देवीले भेडाको बलि दिनु भनेर भनेकाले सबैले बलि दिएर पूजाआजा गर्न थाले । महाकाली, भद्रकाली, सिद्धकाली, स्वेतकाली र रक्तकाली यी पाँचवटा रूप भएकी देवी भएकाले पञ्चकन्या भगवती देवीको रूपमा मान्ने गरिएको छ ।

पाथीभरामा बडादसैं तथा नवरात्रको समयमा विशेष पूजाआजासहित बलि चढाउने परम्परा छ । पाथीभरा देवीले भक्तजनले चढाएको बलि स्नेहपूर्वक लिने जनविश्वास रहिआएको छ । तर, दर्शनार्थीले बलि नै चढाउनुपर्छ भन्ने अनिवार्य छैन । पाथीभरामा यसरी पूजा गर्नुपर्छ भन्ने लिखित पद्धति पनि छैन । मौखिक आधारमा नै चलेको छ । चलिआएका दुई प्रकारका पद्धति छन् । भगवतीको पूजा गरेर चण्डी पाठ गर्ने, हवन गर्ने शास्त्रीय पद्धति र बलि दिएर पूजा गर्ने पद्धति चलिआएको पाइन्छ । पाथीभराको महत्व र पाथीभराप्रति राखिने आस्था र विश्वास वर्षौं पहिलेजस्तो थियो अहिले पनि उस्तै छ ।

अझै हलमा 'पशुपति प्रसाद २: भष्मे डन' र 'परदेशी २'

काठमाडौं, कात्तिक १७। नेपालका चलचित्र भवनमा दुई नेपाली चलचित्र प्रदर्शनरत छन् । दशैंलाई लक्षित गर्दै प्रदर्शनरत चलचित्रलाई दर्शकको साथ प्राप्त भइरहेको निर्माण पक्षले दाबी गरेका छन् । दशैं पछाडि नयाँ नेपाली चलचित्र तिहारमा मात्र प्रदर्शन हुने भएकाले एकसाता अझै ती दुई चलचित्र नै रहनेछन् ।

दशैं लक्षित गर्दै प्रदर्शन गरिएको 'पशुपति प्रसाद २ : भष्मे डन' तेस्रो सातामा प्रदर्शनरत् छ । खगेन्द्र लामिछानेले निर्माण तथा लेखन गरेको चलचित्रलाई दीपेन्द्रकुमार खनालले निर्देशन गरेका हुन् । यसमा विपिन कार्की, सौगात मल्ल, स्वस्तिमा खड्का, रवीन्द्रसिंह बानियाँ, माओत्से गुरुङ, प्रकाश घिमिरे, लोकेन्द्र लेखक, मिस्श्री थापा, सजन थापा मगरलगायत कलाकारले अभिनय गरेका छन् ।

दर्शकले रुचाउनु भएकै कारण पशुपति प्रसादको कथालाई निरन्तरता दिएका हौं । हामीले मौलिक नेपाली कथालाई पर्दामा प्रस्तुत गरेका छौं- लेखक लामिछानेले भने ।

चलचित्र 'परदेशी २' चौथो सातामा प्रदर्शनरत छ । नरायण रायमाझीले निर्देशन गरेको चलचित्रमा केकी अधिकारी, दिलीप रायमाझी, प्रशान्त तामाङ, वर्षा शिवाकोटी, प्रकाश सपुत, नीर शाह, रमा थपलियालगायत कलाकारले अभिनय गरेका छन् । चलचित्रमा उज्ज्वल भविष्यको सपनासहित विदेशिन बाध्य युवा र सन्तानको पखाइमा दिन काटिरहेका आमाबुबाको कथालाई देखाइएको निर्देशक रायमाझीले बताए ।

उनले भने- मेरा अघिल्ला चलचित्र झैं मौलिक कथालाई नै पर्दामा ल्याएँ । अहिले चलचित्र भवनमा पुग्दा दर्शकमार्फत पाइरहेको प्रतिक्रियाले उत्साहित छु । उनीहरू आफ्नै गाउँ समाजको कथालाई पर्दामा हेर्न पाउँदा खुशी छन् । चलचित्रलाई रमेश बिजी लेखेका छन् ।

झापामा ...

डीएसपी खगेन्द्रप्रसाद रिजालले जानकारी दिए ।

प्रहरीका अनुसार झापा गाउँपालिका-१स्थित सितुमारीमा भारतीय नम्बर प्लेट भएका दुई वटा मोटरसाइकलमा नेपाल प्रवेश गरेका उनीहरुलाई इलाका प्रहरी कार्यालय कुमरखोदबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो । चेकजाँच गर्ने क्रममा आलमको साथबाट एक हजार दरको तीन थान नेपाली नक्कली नोट बरामद गरेको थियो ।

नक्कली नोटसहित पक्राउ परेका उनीहरुलाई आवश्यक अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय झापामा राखिएको डीएसपी रिजालले बताए । भारतबाट नेपाली नक्कली नोट किन ल्याइएको भन्ने बारेमा प्रहरीले अनुसन्धान गरिरहेको बताउँदै उनले भने- घटनामा संलग्न भएका व्यक्तिलाई कानून बमोजिम कारबाही हुन्छ ।

सूचना तथा विज्ञापनका लागि

मेचीनगरको धुलाबारी क्षेत्रमा पूर्वाञ्चल दैनिक पत्रिका आवश्यक परे वार्षिक ग्राहक बन्नु परे वा कुनै पनि सूचना विज्ञापन गर्न परेमा ।

सुमन बस्नेत : ९८१६९४०६३०

शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथमपटक प्रकाशित मिति : २०८०/०७/१८ गते)

यस संस्थाको मिति २०८०/०७/०२ गतेको वार्षिक साधारणसभा र मिति २०८०/०७/१५ गते बसेको सञ्चालक समिति बैठकको निर्णय बमोजिम संस्थाको नाममा रहेको मे.१त २८६१ नम्बरको ट्याक्टर बिक्री गर्नुपर्ने भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

थप जानकारीको लागि :

रामजानकी बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड न.पा.-५, झापा

सम्पर्क नं.०२३-५९०२९४,९८०१४१८२०१

बालबालिकाको भविष्य उज्ज्वल बनाऔं।

- बालबालिकाको पहिलो तीन बर्ष महत्वपूर्ण हुन्छ,
- त्यस अविधिमा ८० प्रतिशत मष्तिष्क विकास हुने गर्दछ,
- उनीहरुले वरपरको वातावरणबाट सिक्ने गर्दछन्,
- यस अवधिमा बालबालिकालाई राम्रो स्याहार, सम्भार र उत्प्रेरित गरौं,
- उनीहरुसँग नियमित अन्तरक्रिया गरौं,
- यस अवधिमा उनीहरुसाग गरिने व्यवहार, ज्ञान, सीप र सिकाईबाट बालबालिकाको उज्ज्वल भविष्य निर्माण हुन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

SURYA PAINTS
Since 2006
"Quality Uncompromised"
" स्वदेशी मनको स्वदेशी रंग
गुणस्तरीय उत्पादन सुर्य पेन्ट्सको पहिचान "

#suryapaintsandchemical
@suryapaintsandchemical
suryapaintsnepal@gmail.com
www.spcsurya.com

Koshi Province Our Dealer List

Valuable Customer
Dealer Name: Bardan Enterprises & Traders
Address: Dharan-16, Sunsari
contact number:9848654249/9827081739
owner name: Sirjana Bohara Ji

Valuable Customer
Dealer Name: Kankai Traders
Address: Birtamod-5, Jhapa
Contact Number: 9842755405/9842759559
Owner Name: Bhupendra Baskota/Jay narayan chapagain Ji

Valuable Customer
Dealer Name : Manokamana Hardware Store
Address: Goldhap, Haldibari, Jhapa
Contact Number: 9825930553/9804901500
Owner Name: Sandesh sapkota/ Trilochan Sapkota JI

Valuable Customer
Dealer Name : Pathibhara Devi Trade Link
Address: Arjundhara-6,Jhapa
Contact Number: 9817903092/9842701635
Owner Name: Netra Prasad Bimali/Aditya Bimali Ji

Valuable Customer
Dealer Name : Purwanchal Trade and Suppliers
Address: Birtamode-5, Jhapa
Contact Number: 9804929426/9862684363
Owner Name: Santosh Shah /Samir Giri Ji

Valuable Customer
Dealer Name: Sarita Traders
Address: Urlabari-4, Koshi-Morang Contact Number: 9852042218
Owner Name: Sarita Ghimire Ji

Valuable Customer
Dealer Name: Timsina Suppliers
Address: Itahari-5, Sunsari
Contact Number: 9849190343/9852053011
Owner Name: Arjun Timsina/ Ramesh Prasad Timsina Ji

Valuable Customer
Dealer Name: Damak Almunium and Steel House
Address: Damak-1
Contact Number: 9808428648
Owner Name: Prakash Subba Ji

Valuable Customer
Dealer Name: Angel Traders
Address: Gramthan-5, Tetariya
Contact Number: 9816346390
Owner Name: Khagendra Kumar Biswash Ji

DEALER Requirement AT Biratnagar west:- duhabi, khanar, jhumka, inaruwa, chakraghatti, chatara, Biratnagar East:- Rangeli, Biratchok, belbari, letang, path- ari, itahara, Damak, Gauriganj, Dudhe, surunga, Bhadrapur, Buddhashanti, Fikkal, ilam, pachthar, taplejung, terathum, Dhankuta, Bhojpur

Contact Person:
Santosh Lamichhane - 9748277503
Subash Pokharel - 9851325395

Corporate Office:
Kupondole, Lalitpur
Tel No:-01-5422432

Toll Free No
1660-017-7575

श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९५९०२५५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

आधुनिक आठराईका शिक्षाप्रेमीहरु



सरोज ओली

वि.सं. १९८५/८६ तिर आठराई थुम र याङरुप थुमलाई जोड्ने पुल सुसुलिङ र भालुखोपमुनिको अग्राख भिरमा सिटौला ब्रह्मलालले पुल हाले। पुल बनाउने हुकुम प्रमाङ्गी तत्कालीन श्री ३ भीमशमशेरले दिएका थिए। पुल बनिसकेपछि ब्रह्मलालका छोरा गंगाप्रसाद सिटौलाको प्रतिनिधिमण्डल काठमाडौंमा श्री ३ भीमशमशेरका हजुरमा बिन्ती चढाउन गए। पुल बनेको सुसमाचार सुनेपछि श्री ३ भीमशमशेरबाट 'तिमी के माग्छौ माग'भन्दा गंगाप्रसाद सिटौलाले समाज उज्यालो पार्ने बत्ती मागेछन्। सोही अनुसार आठराई मूलपानीमा शिक्षाको लागि आधार पाठशालाको स्वीकृति भएछ। त्यो पाठशाला मूलपानीमा स्थापना भयो। वि.सं. १९९२ तिरको कुरा हो यो। त्यो सरकारी आधार पाठशाला नै आठराईको शिक्षाको पहिलो पाठशाला हो। त्यसमा संस्कृत, नेपाली र घर व्यवहारमा चाहिने व्यावहारिक शिक्षा दिइन्थ्यो।

शिक्षा दिने पहिलो गुरु नरपति पौडेल थिए। पछि उनको सरुवा भएपछि पाँचथर रानी गाउँका पं. परमानन्द खनाल त्यो मूलपानी पाठशालाको गुरु भए। उनले धेरै वर्ष त्यो पाठशालामा अध्यापन गराए। पछि वि.सं. २०११/०१२ तिर त्यो संस्कृत आधार पाठशाला वि.सं. २००७ मा खुलेका त्रि-मोहन हाइस्कुलमा गाभियो। त्यसमा पढाउने गुरु परमानन्द खनाल पनि त्यही स्कुलमा संस्कृत पढाउन थाले। तर, उनलाई वेतन भने पहिला भैं सरकारबाट प्राप्त हुन्थ्यो। ब्रह्मलाल सिटौलाका छोरा गंगाप्रसाद सिटौलाले पुल बनाएबापत 'के माग्छौ' भनी भीमशमशेरले सोध्दा 'हामीलाई आँखो बक्सियोस् सरकार' भनेर बिन्ती बिसाएकाले श्री ३ भीमशमशेर खुशी भएर आधार पाठशाला मूलपानीमा दिएछन्। त्यही आँखो नै आठराई थुमको शिक्षाको पहिलो ज्योति बन्यो।

त्यसपछि वि.सं. २००३ तिर चुहानडाँडामा हरिचरण सिटौला र पं. धरणीधर न्यौपानेले संस्कृत पाठशाला निजी स्रोतबाट खोले। त्यसमा पनि संस्कृत बाहेक नेपाली र घर व्यवहारमा चाहिने व्यावहारिक शिक्षा दिने गरियो। यसरी आठराई थुममा तत्कालीन राणा शासनमा दुई ठाउँबाट शिक्षाको ज्योतिका रुपमा पाठशाला खोलिए। ती ठाउँबाट डिल्लीराम तिम्सिना जस्ता ठूलठूला विद्वानहरु निस्किए। त्यही मूलपानी पाठशालामा वि.सं. २००३ मा निजी स्रोतबाट अंग्रेजी शिक्षाको शुरुवात भयो। त्यसमा पढाउने पहिलो शिक्षक स्व.नारदमुनि शर्मा अप्रेती थिए। उनले त्यो बेला पढाएका छविलाल शर्मा सिटौला र डिल्लीप्रसाद सिटौला नेपालका मान्ने गुन्ने व्यक्ति भएका छन्।

वि.सं.२००७ को क्रान्तिपछि नेपालमा राणाहरुको जहानियाँ र एकतन्त्रीय शासनको अन्त्य भयो। त्यसपछि त मूलपानी (संग्राती)मा त्रि-मोहन अंग्रेजी स्कुल र चुहानडाँडामा शारदा स्कुल खुले। स्कुल खुले पनि पढाउने शिक्षकहरुको अभाव हुँदा स्कुल सञ्चालक समितिले दुबै स्कुलमा भारतको दार्जीलिङ खर्साडबाट नेपाली मूलका शिक्षकहरु ल्याएर स्कुल सञ्चालन हुन थाले। ती दुबै स्कुलहरु क्रमशः प्राइमरी, मिडिल र हाइस्कुलमा परिणत भए। शिक्षाप्रेमी जनताहरुले मूलपानी र चुहानडाँडामा स्कुल भवनहरु बनाए। बिस्तारै सबैले आधुनिक शिक्षाका लागि आफ्ना सन्तानहरुलाई स्कुलमा पढाउन थाले।

त्यतिबेला मूलपानी माझघरका सुब्बा भानुभक्त सिटौला र चुहानडाँडाका बद्रीप्रसाद थपलिया काठमाडौंमा जागिरे थिए। उनीहरुकै सक्रिय सहयोग र पहलमा ती दुबै स्कुलले नेपाल सरकारबाट प्राप्त हुने सहयोग स्कुलमा जुटाउने काम गरे। त्रि-मोहन हाईस्कुलको स्वीकृति मूलपानीको लागि भएको थियो। तर, पछि सबैलाई पायक पर्ने ठाउँ संग्राती डाँडामा पर्ने भएकाले मूलपानीका सिटौला र कालिया भागे, पैयाबोटे आदिका विमलीहरुसित सल्लाह गरेर मूलपानीबाट संग्राती डाँडामा स्कुल सारिएको हो। संग्राती डाँडामा पायक पर्ने राम्रो र अग्लो पत्यारिलो स्थान कालिपाका कपिलमुनिका सन्तानबाट जग्गा प्राप्त गरी त्यही ठाउँमा स्कुल भवन बनेको हो। त्यो स्कुल भवन सत्र घर मिलेर बनेको हो। त्यसमा विमलीहरु, सिटौलाहरु, एक घर ओली र एक घर इनाम्फे(इङ्नाम) रहेका छन्।

संग्रातीको स्कुलको सञ्चालक समितिमा बहिदार गंगाप्रसाद सिटौला भए पनि सेक्रेटरीमा उनका भाइ जनार्दन सिटौला थिए। उनले त्यो क्षेत्रको विकासका लागि आफ्नो जीवनको लामो समय बिताए। संग्राती डाँडामा बजार बसाउन पनि उनको ठूलो योगदान छ। संग्रातीमा बजार बस्यो, स्कुल बन्यो, प्रहरी थाना बन्यो, तर त्यहाँ मुख्य कुरो खानेपानीको अभाव थियो। सुब्बा भानुभक्तले काठमाडौंमा कमलमणि दीक्षित मार्फत रानी जगदम्बाबाट संग्रातीमा मदनधारा बनाउने कार्य गराउने भए। त्यसको पनि सेक्रेटरी जनार्दन सिटौला भए। त्यो बेला अहिले जस्तो पोलिथिन पाइपको चलन थिएन। पानीको नालाका लागि कलकत्ताबाट फलामको योजना अनुसारका पाइप मगाइयो। अहिले जस्तो यातायातको व्यवस्था वि.सं. २०१५ मा पूर्वी पहाडमा थिएन। यातायातका साधन त्यो बेलामा भरियाको पिठ्युँ थियो। कलकत्ताबाट रेल र गाडीमा धरानसम्म ल्याइएका पाइपहरु भरियाले ढाकरमा हालेर पिठ्युँमा बोकेका सामानहरु साँगुरी भन्ज्याङ पुग्ने उकालो, साँगुरी भन्ज्याङपछि धारापानीको ओरालो त्यसपछि लेउती खोलाको किनारैकिनार याकचना (उखुखानेठाँउ) हुँदै तमोर नदीको तिरैतिर ढाकर र पिठ्युँमा फलामका नाला बोकेर भरियाहरुले सिमराहाघाट तरेर कर्कलेको उकालो हिँडेर पसिना काढ्दै थोक्लुङ छिँडीको बर हुँदै मूलपानी भएर संग्राती डाँडमा पुऱ्याए।

फलामका नाला बोक्ने कठिन काम भरियाहरुले गरे। त्यसपछि सेक्रेटरी जनार्दनले सबै भरियालाई ज्याला दिएर फर्स्याए। तर पानी ल्याउने काम सकिएको थिएन। लिही ढुंगा नजिकैको मूलबाट नालामा पानी ल्याएर संग्राती डाँडामा बनेको सिमेन्टले ढलाइ गरेर बनाएको पानीटंकीमा पानी ल्याएर बजारमा वितरण गर्ने काम अधुरै थियो। त्यो काम पनि सेक्रेटरी जनार्दन सिटौलाले जनसहभागिता जुटाएर सम्पन्न गरे। त्यसपछि त्यसको उद्घाटन गर्न भानुभक्त सिटौलाले काठमाडौंबाट जगदम्बा रानीको प्रतिनिधिका रुपमा कमलमणि दीक्षितलाई लिएर आठराई संग्राती पुगेर वि.सं. २०१५ वैशाख महिनाको अक्षयतृतीयाका दिन मदनधाराको उद्घाटन गरे।

त्यसपछि संग्राती डाँडाको पानीको संकट टऱ्यो। रानी जगदम्बाको समाजसेवा गर्ने भावनाले नेपालको सुदूरपूर्वमा रहेको आठराई संग्रातीमा मदनधारा नामका पानीका धारा बन्यो। त्यही उपलक्ष्यमा बर्सेनी संग्राती बजारमा अक्षयतृतीयाका दिन मदन मेला लाग्ने गरेको छ। उनै भानुभक्त सिटौलाको पहलमा जगदम्बा दातव्य औषधायलय पनि संग्राती बजारमा खुल्यो। त्यस औषधालयले धेरै वर्ष काम गऱ्यो। तर, माओवादी द्वन्द्वका कारण त्यो औषधालय बन्द भयो। त्यस्तै रानी जगदम्बाकै नामबाट कमलमणि दीक्षित र भानुभक्त सिटौलाको पहलमा रानी जगदम्बाबाट संग्राती बजारमा एउटा भव्य अतिथि सदन बनेको थियो। त्यसको निर्माण समितिको सेक्रेटरी पनि जनार्दन सिटौला थिए। तर, त्यो भवन पनि माओवादीका कार्यकर्ताहरुले आगो लगाएर स्वाहा पारे। त्यसको केही चिनो समेत अहिले छैन।

यसरी जगदम्बा रानीको दानबाट बनेको मदनधारा, जगदम्बा औषधालय र जगदम्बा अतिथि भवन मध्ये मदनधारा भने अझै चालू भइरहेको छ। पैसा दिएर उदारभाव राख्ने रानी जगदम्बा, विकासमा खर्च गर्नुपर्छ भनेर रानीलाई सल्लाह दिने कमलमणि दीक्षित, आठराई संग्रातीमा विकास योजना तर्जुमा गर्ने भानुभक्त सिटौला र कार्यक्षेत्रमा खटेर काम गर्ने सेक्रेटरी जनार्दन सिटौला (नेपाले कान्छा) आदि सबै स्वर्गे भइसके। तर, उनीहरुले विकासका क्षेत्रमा छोडेका पदचिन्हहरु आठराई संग्राती बजारमा नमेटिने गरी रहेका छन् र रहिरहने छन्। त्यस्तै जगदम्बा रानीका नाममा बनेका कर्कलेदेखि संग्रातीसम्मका चौताराहरु रानी चौतारालेे चिनिएका छन्। आठराई संग्रातीको त्यो बेलाका विकासको पर्यायवाचीका रुपमा रहेका माथि उल्लिखित व्यक्तिहरुको जति नै प्रशंसा गरे पनि कम हुन्छ।

त्यति मात्र होइन, सुब्बा भानुभक्तले काठमाडौंमा रहेका केशरशमशेर जस्ता ठूलठूला राणाहरुलाई विश्वासमा लिएर श्री त्रिमोहन हाईस्कुल तत्कालीन समयमा (वि.सं. २०१५/१६) माइक, टाइपराइटर, लिथो मेसिन आदिको पनि व्यवस्था गराएका थिए। सुब्बा भानुभक्त सिटौला खाली जागिरे भएर मात्र काठमाडौंमा बसेका थिएनन् उनले त आफू जन्मेको ठाउँको विकासमा तन, मन र धनले सहयोग गरेका थिए भने जनार्दन सिटौला (नेपाले कान्छा)को जीवन नै समाजसेवामा समर्पित थियो। यस्तै यस्ता प्रबुद्ध समाजसेवी, व्यक्तिहरुका कारण आठराई संग्रातीको विभिन्न क्षेत्रमा विकास भएको हो।

मूलपानी तेम्बेरुङका जनार्दन सिटौलाले त समाजसेवाका लागि आफ्नो अमूल्य जीवनको लगानी गरे। उनी ऐनश्रेस्ता सिक्न निकै समय उनका बाबुका आज्ञाले उनी पनि नेपालमा आएर बसे। तत्कालीन काठमाडौंलाई बाहिरकाले नेपाल भन्ने गर्थे। ऐनश्रेस्ता सिकेका हुनाले उनलाई नेपाले कान्छा भनेर धेरैले चिन्थे। उनले चाहेका भए उनी त्यो बेला निकै ठूला जागिरे हुन्थे। तर, उनले त्यो जागिर खाने बाटो रोजेनन्। उनले त समाजको उन्नति हुने शिक्षण संस्थाको सेक्रेटरी हुन रुचाए। तमोर नदीमा पुल हाल्नेका छोराहरु भानुभक्त सिटौला र जनार्दन सिटौलाले समाजको विकासमा सहयोग गरे। अन्धकारमा रहेका जनतामा शिक्षाको ज्योति फैलाए।

त्यस्तै गरेर आठराई चुहानडाँडाका हरिचरण सिटौला, धरणीधर पं. न्यौपानेहरुले शुरु गरेको शिक्षा प्रचारको बाटो समातेर वि.सं. २००८ देखि पदमप्रसाद उप्रेतीले शारदा स्कुलका सेक्रेटरी भएर शारदा स्कुललाई प्राइमरीबाट हाईस्कुलसम्म पुऱ्याउन जनताको सहयोगबाट सफल भए। त्यतिमात्र होइन उनले त वि.सं. २०१६/०१७ तिर चुहानडाँडामा वीरेन्द्र इन्टर कलेजको स्थापना गर्न सफल भए। त्यो कलेज उद्घाटन द्रोणाचार्य सिटौलाले सम्पूर्ण गाउँबासीहरुका बीचमा गरे। उनले आफ्नो छोरो हरिचरणलाई हेरेर र पदमप्रसाद उप्रेतीलाई हेरेर 'तिमीहरुले हनुमानले जस्तै द्रोणाचल पर्वतै बोकेर ल्याए जस्तो गरेर यो कलेजको स्थापना गरायौ। यसका लागि यसमा सहयोग गर्ने सबैलाई मुरी मुरी धन्यवाद दिन्छु' भनेर खुसी व्यक्त गरेका थिए। अहिले त्यो कलेज तेह्रथुम क्याम्पसले चलिरहेको छ।

आठराईमा स्कुल खुले, कलेज खुले, तर पढाउने शिक्षकहरु भने थिएनन्। त्यसको लागि भारतको दार्जिलिङमा भर पर्नु पर्थ्यो। त्यसकारण सेक्रेटरी पदमप्रसाद उप्रेतीको काम राम्रा राम्रा शिक्षकहरु सित दार्जिलिङमा सम्पर्क गरेर शिक्षकहरु ल्याउने हुन्थ्यो। उनी एकदिन कसरी राम्रा र गुणवान शिक्षकहरु ल्याएर आफ्नो हाईस्कुल र कलेजमा राम्रो शिक्षा दिलाउन सकिन्छ भनेर सदैव चिन्तित रहन्थे। नभन्दै उनको सक्रिय सहयोगमा रामनारायण प्रधान, राजनारायण प्रधान जस्ता गुणवान शिक्षकहरु ल्याउन सफल भए।

त्यस्तै प्रसिद्ध नेपाली भाषाका समालोचक वामदेव दवाडी र अर्थशास्त्री उमाकान्त झालाई पनि कलेज र स्कुलमा ल्याउन सफल भए। पदमप्रसाद उप्रेतीको जीवनको सपना जपना नै शारदा हाईस्कुल र वीरेन्द्र कलेजको उन्नतिमा थियो र त्यसैमा उनको जीवन बित्यो। त्यस्तै मूलपानी र संग्राती स्कुलका सेक्रेटरी जनार्दन सिटौलाको जीवन पनि संग्राती स्कुलको उन्नति, संग्राती बजारको व्यवस्थापन, मदनधाराको रेखदेख, जगदम्बा औषधालयको हेरविचार, अतिथि सदनको निर्माणमा सारा जीवन बित्यो। उनले पनि त्रिमोहन हाईस्कुलमा राम्रा र योग्य शिक्षकहरु जस्तो विशालकुमार सुब्बा, धर्मानन्द निरौला, पूर्णानन्द शर्मा, केशवराज प्रसाईं, गणेशबहादुर प्रसाईं, रामनारायण सिंह विसे, विरमणि भट्टराई, धनपति (विनोदकुमार) ओली, तेजप्रसाद सिटौला जस्ता प्रतिभा सम्पन्न गुरुहरुको व्यवस्था गरेर स्कुल सञ्चालन गराए। उनले खर्साडबाट नरेन्द्र लामा र गोपाल सिंह (जी.एस.सर), भण्डारी, डिल्ली सिटौला, छविलाल सिटौलाहरुलाई पनि स्कुल शिक्षकमा ल्याए। उनकै पहलमा एसएलसीको केन्द्र पनि त्रिमोहन हाईस्कुलमा आयो। उनकै पहलमा संग्रातीमा छोटी हुलाकको व्यवस्था भएर हुलाकका हाकिम भएर दयानन्द ढकाल आए। पछि उनका भाइ श्रीप्रसाद ढकाल पनि स्कुलका शिक्षक भए।

वि.सं. २०१२/१३ तिर जिमदार देवीप्रसाद उप्रेतीले उनको गाउँ सिम्लेमा प्रणामी विद्यालय खुलाए। त्यो विद्यालय मिडिल स्कुलसम्म भएको थियो। त्यो बेला इवा क्षेत्र र पोखरी क्षेत्रका (पछि इवा पञ्चायत र पोखरी पञ्चायत) व्यक्तिहरुको सहयोगमा वि.सं.२०१६ मा देवीप्रसाद उप्रेतीकै अगुवाईमा पोखरीमा जुनियर हाईस्कुल खुल्यो। त्यो स्कुल खोल्नमा होडाका मेदिनीप्रसाद कन्दङ्वा, जगतमणि ओली, रामप्रसाद ओली, त्रिलोचन ओली, श्रीप्रसाद ओली, नारायणप्रसाद ओली आदिको सक्रिय पहल भयो। त्यो स्कुलमा सेतु सुब्बा सभापति, मेदिनीप्रसाद कन्दङ्वा सेक्रेटरी र नारायणप्रसाद ओली उप सेक्रेटरी आदि भएर स्कुलको सञ्चालक समिति बन्यो।

त्यसमा गंगाप्रसाद प्रसाईं (भान्जाबाबु) र धनपति संग्रौलाको पनि ठूलो भूमिका रहन गएको छ। त्यो स्कुल एक वर्षमा हाईस्कुल भयो। त्यसको शिक्षक व्यवस्थापनमा मदनकुमार थापाको ठूलो भूमिका छ। उनले भारतको दार्जिलिङतिरका योग्य योग्य शिक्षकहरु ल्याएर स्कुल सञ्चालन गराउनुभयो। त्यो पोखरी हाईस्कुलका लागि १९ जिम्माका सुब्बाहरुले लगभग २०० रोपनी जग्गा दान दिएका छन् भने देवीप्रसाद उप्रेतीले झापाको उनको १८७ बिगाहा जग्गा र भान्जाबाबुले लगभग ५० बिगाहा र नारायणप्रसाद ओलीले पाँच बिगाहा पोखरी माविलाई निःशुल्क रुपमा जग्गा दान दिए। त्यसैगरी होडामा पनि २०११ सालमा नै सरस्वती प्राथमिक पाठशाला स्थापना भयो। यस स्कुललाई तत्कालीन समयमा इलाम स्थित पद्मोदय आदर्श विद्यालयमा कार्यरत शिक्षक प्रेमप्रसाद ओलीको पहलमा तत्कालीन डिभिजन इन्सपेक्टर अफ स्कुल सुदुर फाँटका केशवलालजोशीबाट स्वीकृत गराइ त्यस पाठशालाको सभापतिमा जगतमणी ओली र सेक्रेटरीको जिम्मेवारी धनपति (विनोदकुमार) ओलीलाई दिइएको थियो।

यसरी आठराईको भू-भागमा मूलपानीका सिटौला परिवार, कालिपा भागे, पैयाँबोटेका विमली परिवार, चुहानडाँडाका सिटौला परिवार, न्यौपाने परिवार, उप्रेती परिवार, कन्दङ्वा परिवार, थपलिया परिवार, इवा, पोखरी क्षेत्रका तत्कालीन २२ जिम्मा र १९ जिम्माका सुब्बाहरु र त्यसमा बस्ने उप्रेती परिवार, संग्रौला परिवार, कन्दङ्वा परिवार, ओली परिवार, मिश्र परिवार, मैनाली परिवार आदि मिलेर आठराईमा आधुनिक शिक्षा प्रचारप्रसारको काम तीव्रगतिले अघि बढाए। त्यसपछि क्रमशः ह्वाकु, निगुरादिन, फूलबारी, चोक्पुर, मिचिरिङ, हाडपाङ आदि आठराईका ठाउँमा आधुनिक शिक्षालयहरु खुल्न थाले। यसरी पर्गेलेर हेर्दा आधुनिक शिक्षाको पहिलो ज्योति मूलपानी (संग्राती)बाट, दोस्रो ज्योति चुहानडाँडाबाट, तेस्रो शिक्षाको ज्योति सिम्ले, पोखरीबाट फैलिएको हो। त्यसपछि आठराईका गाउँ गाउँमा फैलिएको हो भन्ने इतिहासले पुष्टि गर्छ।

आठराई थुममा राणाकालीन अन्धकार युगमा शिक्षारुपी आँखोलाई जनतामाझ पुऱ्याउन प्रयत्न गर्ने सबै महान व्यक्तिहरु कृतज्ञका पात्र रहन गएका छन्। कारण उनीहरुकै सत्प्रयासबाट आज आठराई क्षेत्रका सर्वसाधारणले शिक्षारुपी आँखाले यो संसारलाई हेर्न पाएका छन्। देशमा एकतन्त्री सामन्ती शासन व्यवस्था चलेका बेलामा पनि तिनै राणाहरुलाई खुशी पारेर आधार पाठशाला खोल्नु र त्यसैका माध्यमले आधुनिक शिक्षाको जग बसाउन सक्नु उनीहरुको कार्यकुशलताको प्रमाण हो। आज ती महान व्यक्तिहरु सशरीर छैनन्। तर, उनीहरुले रोपेका शिक्षारुपी बिरुवाहरु बढेर अहिले झाङ्गिएर आठराइका भेगभरि प्राइमरी स्कुलदेखि क्याम्पससम्म बनेका छन्। उनीहरुको त्यो निःस्वार्थ कर्मले गर्दा आज सरकार पनि शिक्षा क्षेत्रमा उदार देखिएको छ।

अहिलेको नेपालको शिक्षा प्रणाली व्यवसायमुखी नभएकाले त्यो क्षेत्रमा अध्ययन गरेका प्रबुद्ध वर्गहरु पलायन हुँदै गएका छन्। तथापि त्यस क्षेत्रमा कुनै न कुनै रुपमा शिक्षालयहरु चलिरहेकै छन्। धन्य छन् ती स्वर्गीय व्यक्तिहरु जसले आठराई क्षेत्रको शिक्षाका लागि योगदान गरेका छन्, तिनीहरुलाई आठराईले कहिल्यै पनि बिर्सन हुँदैन। ती महान आत्माहरु सदैव आठराईका शिक्षाका क्षेत्रको स्मृतिपटलमा सदा रहनेछन्। आज त्यस क्षेत्रमा पनि कता कता साम्प्रदायिक गन्ध देखिन थालेको आभाव हुँदैछ। तर, हाम्रा ती महान व्यक्तिहरुले 'सर्वे भवन्तु सुखिन'को भावना लिएर स्कुल, कलेजहरुको व्यवस्था गरेका थिए। त्यस्ता महान आत्माहरु सदैव पुजनीय र बन्दनीय छन् र रहिरहनेछन्। त्यही शिक्षाको कारणले आज नेपालको प्रमुख कार्यकारी प्रधानमन्त्रीदेखि प्रज्ञा प्रतिष्ठानका कुलपतिसम्म, निजामती, जंगी र न्याय क्षेत्रका उच्च पदस्थ कर्मचारीसम्म, विभिन्न तह र तप्काका डाक्टर, इञ्जिनियर, लेखक, प्राध्यापक, कवि साहित्यकारसम्म बनेर विभिन्न तह र तप्कामा पुगेका छन्।

अशिक्षारुपी अन्धकारमा रहेको भरिया र ढाक्रेहरुको हूल रहेको गाउँमा शिक्षारुपी दियो बाल्ने ती महान विचारक र दूरदर्शी सम्पाती दृष्टि भएका आठराईका ती सत्पुरुषहरु उनका निःस्वार्थ कामले गर्दा आज अमर भएका छन्। आफ्नो समयका रुपौलो यौवन, समाज सेवामा लगाउने ती त्यागीहरु व्यक्तिहरु धन्य छन्। त्यस्तै आजको समयमा लाखौं करोडौं रुपैयाँ पर्ने जमिनहरु शिक्षण संस्थाहरुलाई दान दिने दानवीरहरु आजको समाजले प्रातःस्मरणीय ती व्यक्तिहरु हुन्। तिनका बारेमा बोलेर वा लेखेर मात्र पुग्दैन, त्यो अन्धकारमय समयमा कल छल बल सबै तरिका अपनाएर त्यो सुदूरपूर्वमा रहेको मूलपानी चुहानडाँडा, पोखरी, सिम्ले, होडा आदि स्थानमा शिक्षारुपी दियो बाल्न सफल ती महान आत्माहरुलाई हार्दिक श्रद्धाञ्जली भन्न चाहन्छु। तिनको कर्मले आज प्रकाशित आठराईका ठूला साना सबै मानिसहरुमा सच्चा चेतनाको लहर फैलिरहोस् भन्ने कामना गर्दछु र जय आठराई भन्न चाहन्छु। अस्तु।

गजल/कविता

यस्तो हुनुपर्छ

प्रतिज्ञा अधिकारी

अन्जान हुँदा पनि भेट्ने आश हुनुपर्छ
ऊ जस्तो होस् आफूलाई खास हुनुपर्छ ।

सम्बन्ध अन्तिमसम्म टिकाउनका लागि
एकअर्काबीच भित्रैदेखिको विश्वास हुनुपर्छ ।

पहिलो चोटी एक्कासी दुईको भेट हुँदा
झगडा होस् या मित्रता छुट्टै मिठास हुनुपर्छ ।

ऊ गुलाब जस्तो होस् या गुरधैलि जस्तो
रङ जस्तो होस उसमा मिठो सुवास हुनुपर्छ ।

मान्छे हो गल्ती अवश्य हुन सक्ला, तर
गल्ती स्वीकार्दै अघि बढ्ने साहस हुनुपर्छ ।

भविष्य वाणी

हे मानव सचेत नहुने किन ?
काल आइरहेछ तँलाइ लिन
सम्वत् दुई हजारदेखि यता,
यस्तो एक योग परेको छ नि त ।

पूर्व-पश्चिम, उत्तर र दक्षिण,
चारैतिर काल गर्छ आक्रमण
अकाल मृत्यु जगतमा बड्दछ,
प्रजा अनेकौं कारणले मर्दछ ।

हजार वर्षपछि सत युग आउँछ,
सुखको दिन फिरी आउँदछ
सुनको फूल झैं पृथ्वी फूल्दछ,
धर्मले फैलिन मौका पाउँछ ।

अकाल मृत्युबाट उही बाँच्तछ,
जसले हंसको ध्यान गर्ने गर्दछ ।
श्री हरिको लीला जो छ,
त्यो टारेर कहाँ कसरी टर्दछ ।

– लक्ष्मीप्रसाद सुब्बा
रोङ–२, इलाम

घरभेटी र डेरावाल

रमेशचन्द्र धिमिरे

'लुगा सिउने मान्छे भाडामा बस्न खोजेको छ। के गर्ने ?' 'तल्लो फल्याटको छेउको कोठा दिने हो।', श्रीमतीको प्रश्नमा श्रीमान्को उत्तर यस्तो थियो। 'स्कूल क्याम्पस पढाउँछु भन्थे, तिनलाई पनि भाडामा दिन पाए हुन्थ्यो।'

श्रीमतीको कुरा राम्रै थियो। 'बीचको फल्याटको कोठा दिए त भइहाल्यो नि ! शिक्षक रहेछन्। कहिलेकाहीं हाम्रै केटाकेटीको पढाइ पनि यसो हेरिदेलान्।'

घर ठूलो थियो, कोठा प्रशस्तै थिए। तल्लो फल्याटको सटरमा हार्डवेयर पसल थियो। कुनै कोठामा दर्जी, कुनैमा सिरक डस्नावाल, कुनैमा व्यापारी, कुनैमा शिक्षक, कुनैमा लोग्ने विदेश पठाएर छोराछोरीलाई बोर्डिङ स्कूल पढाउन बसेकी महिला भाडामा बस्थे। महिना पुगेपछि कोठा र बिजुली पानीको पैसा तिर्थे।

स्वाभाविकै हो- घरभेटीहरू माथिल्लो तलामा बस्थे। अरू बेलामा नभए पनि भाडा बुझ्ने बेलामा नियमित भेट हुन्थ्यो। आफ्नो मन खाएका डेरावालाकहाँ घरबेटी बेलाबखत चिया-नास्ता र यदाकदा खाईपिईका लागि जान्थे। भाडामा बस्ने मनले जितेका महिलालाई श्रीमती कहिलेकाहीं किचनमा बोलाउँथिन् र चिया गफ हुन्थे। अरूसँग कोठाभाडा र बिजुली पानीको हिसाब बुझ्दा मात्रै मुस्किलले भेट हुन्थ्यो।

कुरो बहत्तर साल बैशाख बाह्रको हो। एक्कासी ठूलो भूकम्प गयो। राति कोही पनि कोठामा, फल्याटमा वा सिरानमा जान डराए। खेतमा बाँस गाडेर त्रिपाल टाँगियो, टाटमाथि गुन्द्री काम्लो ओछ्याइयो र सबैजना एकै ठाउँमा लस्करै लगाएर सुते। बाँस, पाल र टाटको व्यवस्था तल्लो फल्याटमा बस्नेले गरेका रहेछन्। फेरि बैशाख उन्तिसमा आएको भूकम्पले एक कुन्द्रो मेटाएपछि मानिसहरू डराई डराई घरमै बस्न थाले। यी घरबेटीले तल्लो फल्याटमा कोठा भाडामा बस्नेलाई उठाएर आफू पनि तल्लो फल्याटमा बस्न थाले अनि 'माथिल्लो फल्याट खाली छ' भनेर सूचना टाँसे।

अखाद्य वस्तु बेचेको गुनासो आएपछि...

बिर्तामोड, कात्तिक १७। बिर्तामोडको पश्चिम स्टेण्डमा रहेको अनिल किराना स्टोरमा म्याद गुज्रिएका अखाद्य वस्तु बिक्रीवितरण भइरहेको भन्ने गुनासो आएपछि अनुगमन गरिएको छ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेलो सरकारमा उजुरी परेपछि बिर्तामोड नगरपालिकाले अनुगमन गरेको हो। अनुगमनमा दुई किलो कुहिएको छोकडा घाममा सुकाइरहेको फेला परेपछि जफत गरिएको हो।

अनुगमनमा तीन दिनभित्रमा उपभोक्ताले देखिने गरी मूल्यसूची टाँस्ने, तेल, बेसन लगायतका प्याकेटमा उत्पादन मिति स्पष्ट प्रिन्ट गर्न सम्बन्धित उद्योगहरुलाई निर्देशन दिने, प्याकिंग गर्नेखालका खाद्यवस्तुमा खाद्य अनुज्ञा पत्र लिने लगायतका निर्देशन दिएको नगर उप प्रमुख नगेन्द्रप्रसाद संग्रौलाले जानकारी दिए।

हेलो सरकारमा अनिल किराना पसलमा म्याद गुज्रिएका र गुणस्तरहिन वस्तु भण्डारण गरी बिक्रीवितरण गर्ने गरेको गुनासो परेको थियो। नगर उपप्रमुख संग्रौलाको संयोजकत्वमा अनुगमन गरिएको हो।

अनुगमनमा नगर कार्यपालिका सदस्य यमुना आचार्य, उपभोक्ता हित संरक्षण मन्चका अध्यक्ष मदन गोपाल सुब्बा, बिर्तामोड उद्योग वाणिज्य संघका कार्यालय सचिव राजु गौतम लगायत विभिन्न संघ-संस्थाका प्रतिनिधि र पत्रकारको सहभागिता रहेको थियो।

पातन्जल योग समिति गठन

चारआली, कात्तिक १७। मेचीनगर-१३ स्थित सिग्देलबस्तीमा पातन्जल योग समिति गठन गरिएको छ।

झापा जिल्ला सचिव टेकेन्द्र ढकालको सहभागितामा भएको कार्यक्रममा कृष्ण सिग्देलको अध्यक्षतामा १५ सदस्यीय योग समिती गठन गरिएको हो। पातन्जल योग समिति नेपाल, झापा जिल्ला कार्यसमितिको आयोजनामा १५ दिनको योग शिविर सम्पन्न गरेपश्चात् पातन्जल योग सिग्देल बस्ती साधना केन्द्र गठन भएको हो।

नवगठित समितिमा उपाध्यक्ष जनक अधिकारी, सचिव गोपाल सिग्देल, सहसचिव केशव न्यौपाने, कोषाध्यक्ष कुसुम सिग्देल चयन भएका छन्। त्यस्तै सदस्यहरूमा तेजप्रसाद सिग्देल, मुना अधिकारी, पुरुषोत्तम सिग्देल, भीमा न्यौपाने, पवित्रा सिग्देल, यामकान्त घिमिरे, लक्ष्मी सिग्देल, प्रेम न्यौपाने र सञ्जु चौधरी रहेका छन्।

जन्मोत्सवमा सहयोग

चारआली, कात्तिक १७। राजन चिमरियाले आफ्नो जन्मोत्सव सामाजिक कार्य गरेर आफ्नो मनाएका छन्।

नेपाल डेरी एसोसिएशनका बरिष्ठ केन्द्रिय उपाध्यक्ष तथा नेकपा (माओवादी केन्द्र) मेचीनगरका नगर अध्यक्ष चिमरियाले शहीद परिवारलाई गाई र मृतकका परिवारलाई नगद सहयोग गरेर ५०औं जन्मोत्सव मनाएका हुन्।

चिमरियाले बिहीबार जन्मोत्सवका अवसरमा मेचीनगर नगरपालिका वडा नम्बर १३ मा बसोबास गर्दै आएको शहीद प्रेम उप्रेतीको परिवारलाई ६५ हजार रुपैयाँ बराबरको उन्नत जातको गाई र शहीद उप्रेतीका पिता गंगा उप्रेती बिरामी रहेकाले औषधिका लागि नगद पाँच हजार एक सय रुपैयाँ प्रदान गरेका थिए।

उप्रेतीको २०५८ सालमा तेह्रथुमको बगाले घटनामा मृत्यु भएको थियो। रितिका डेरी उद्योगका सञ्चालक समेत रहेका चिमरियाले शहीद परिवारलाई कृषि उत्पादनमा जोड्ने उद्देश्यले जन्मोत्सवमा गाई प्रदान गरेको बताए। कार्यक्रममा आफ्नो उद्योगबाट उत्पादित सामग्री समेत शहीद प्रेमका पिता गंगा र आमा लक्षिमादेवी उप्रेतीलाई प्रदान गरेका थिए।

त्यस्तै जन्मोत्सवकै अवसरमा राजवंशीसहित परिवारलाई प्रदान गरेका छन्। चिमरियाले त्यहाँ पनि उद्योगबाट उत्पादित दूग्ध सामग्री समेत प्रदान गरेका छन्।

चिमरियाले प्रत्येक बर्ष आफ्नो जन्मोत्सव र वैवाहिक बर्ष गाठका अवसर पारेर फरक-फरक बिषयमा केन्द्रित रहेर सामाजिक कार्य गर्दै आएका छन्। उनले ३० बर्षको उमेरदेखि प्रत्येक वर्ष जन्मोत्सव र वैवाहिक बर्षगाठमा कृषक, बिपन्न, आगलागि पिडीत, बाढीपिडीत लगायतलाई सहयोग गरेर आफ्नो जन्मोत्सव र वैवाहिक बर्षगाठ मनाउँदै आएका छन्।

उक्त कार्यक्रममा नेकपा माओवादीका केन्द्रिय सल्लाहकार मुकुलचन्द्र राजवंशी (मोहनबा), पार्टीका मेचीनगर नगर सचिव ज्ञानेन्द्र घिमिरे, झापा जिल्ला सदस्य खगेन्द्र सिग्देल, पार्टीका मेचीनगर १२ का अध्यक्ष पदम सुनुवार, मेचीनगर-१३ का अध्यक्ष पुरुषोत्तम सिग्देल लगायतको उपस्थिति रहेको थियो। जन्मोत्सव र बर्ष गाठमा गरिने फजुल खर्चलाई कटाएर चिमरियाले बर्षमा दुई पटक सामाजिक कार्य गर्दै आएका छन्।

चिमरियाले मेचीनगर-१० मा गत कात्तिक १० गते दुर्घटनामा परेर मृत्यु भएको नरेश राजवंशीको परिवारलाई समेत आर्थिक सहयोग गरेका छन्।

मृतक नरेशकी छोरी नाइसा राजवंशीको पठनपाठनमा सहयोग पुर्‍याउने उद्देश्यले बालिका संरक्षित कोषका लागि ५१ हजार र कार्जाकिरिया खर्चबापत पाँच हजार एक सय रुपैयाँ चिमरियाले आर्थिक सहयोग गरेका हुन्।

संरक्षित कोषको लागि ५१ हजार रुपैयाँको चेक र नगद पाँच हजार एक सय रुपैयाँ नरेशकी श्रीमती बिमला र छोरी नाइसा

बिमालेख हरायो

अर्जुनधाराबाट बिर्तामोड जाने क्रममा यही मिति २०८०/०६/०७ गते मेरो निम्न व्यहोराको लाइफ इन्स्योरेन्स कम्पनी नेपाल (एलआइसी नेपाल)को पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नाम:- दिपककुमार श्रेष्ठ
ठेगाना:- अर्जुनधारा-११, झापा
पोलेसी नं.:- २०००७०५३
कम्पनी नाम: लाइफ इन्स्योरेन्स कम्पनी नेपाल, एलआइसी नेपाल

बिमालेख हरायो

बुधबारेबाट बिर्तामोड आउने क्रममा यही मिति २०८०/०६/०१ गते मेरो निम्न व्यहोराको आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नाम:- सुनील आले मगर
ठेगाना:- फालेलुङ-७, पाँचथर
पोलेसी नं.:- १०४००३८२१
कम्पनी नाम: आइएमई लाइफ इन्स्योरेन्स कम्पनी
सम्पर्क: ९७४९२०६३१३

ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेडसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

इ-साइकल र स्कुटी
ब्याट्रीबाट चल्ने स्कुटी र साइकल

100 KM Mileg- Rs. 10

विशेष छुटमा Rs. 65,000/-
विशेष छुटमा Rs. 1,50,000/-

जिटेक तराजु & ई-साइकल पसल
पुरानो भद्रपुर रोड, बिर्तामोड
9817949745, 9802742456

विशेष उपचार अब बिर्ता आयुर्वेदमा

ढाड, कम्मर, गर्दन, प्यारालाइसिस, पायल्स, फिस्टुला, ग्यास्ट्रिक, पिनास, कोलेस्ट्रोल, पत्थरी, जन्डिस लगायत सम्पूर्ण रोगको उपचार।

सम्पर्क :
बिर्ता आर्युवेद एण्ड फिजियोथेरापी सेन्टर
बिर्तामोड, राजगढ स्टेण्ड दक्षिण
फोन: ०२३-५३२३६६, ५९०१६६,
मोबाइल : ९८०६०००३१३

कर्मचारी आवश्यकता

रुम ब्वाइ – १ जना
तलब : आपसी समझदारीमा

सम्पर्क :
होटल सयपत्री एण्ड लज
मुक्तिचोक, बिर्तामोड
मो. नं. :
९८२४९४८९६९
९८४२७००४२७

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ।

विशाल हरिजन
९८२४९९०४६२,९७४५२६०८२५
९८१४९९३७१२, ९८४२६७७८५५

नोट: आधुनिक प्रविधिबाट सञ्चालित झापाकै सबैभन्दा ठूलो सेफ्टी ट्यांकी अनुभवी व्यक्तिबाट ट्वाइलेट ढलक भएमा सर्भिसको व्यवस्था छ।

उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।

सम्पर्क :
९८०४९५४४००, ९८६६२४२४६६
अर्जुनधारा नगरपालिका– ४ झापा

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

छापाखाना
क्यालेण्डर | विवाह कार्ड
बिल, भौचर | फ्लेक्स प्रिन्ट
स्टाम (छाप) | कप, टि-सर्ट
लेमिनेशन | फोटोकपी
आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधै सम्झनुहोस्।
७ बार १२ महिना संचालनमा
चिमिरे अफसेट प्रेस
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०५५९,
आफिस: ९७४६८७९७०२
९८४२६२५३५३, ९८१४०३६३५४

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
अनावश्यक झन्झटमा परिन सक्छ, काम शुरूवात गर्नुअघि कुलदेवताको सम्झना गर्नुहोला, नयाँ कामको खोजीमा समय बित्नेछ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -
समय अनुकूल देखिन्छ, मिष्ठान्न भोजन मिल्नेछ, छोटो दुरीको यात्रा हुनेछ, विपरीत लिङ्गीको सहयोग प्राप्त हुनेछ, मन प्रशन्न रहला।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
स्वास्थ्यमा ध्यान दिनुहोला, सहयोगीहरूले साथ दिनेछन् लामो समयदेखि रोकिएर रहेका काम सुचारू हुनेछ, राम्रो जमघटका साथ मिष्ठान्न भोजनको योग रहेको छ।

कर्कट (हि, ड्डो, डा, डि, डु, डे, डो) -
सन्तानको राम्रो खबर सुनिनेछ, लामो दुरीको यात्रामा खानपानमा ध्यान दिनुहोला, हतारको निर्णयले काम बिग्रन सक्छ।

सिंह (मा, मि, मी, मो, टा, टि, टु, टे) -
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ, शुभ खबर सुन्न पाइने छ।

कन्या (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो) -
पराक्रम बढ्ने योग छ, दिगो फाइदा हुने कामहरूको शुरूवात हुनेछ, आयआर्जनको स्रोत बढ्नेछ, माया-प्रेमको डोरो कसिलो भएर जाने योग रहेको छ।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -
बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुर्‍याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
समय बलवान रहेको छ, अपरान्नपछि खानपानम दिनुहोला, साथी-भाइसँग छोटो दुरिको रमाइलो यात्र मन प्रशन्न रहला।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -
उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फा काम प्रारम्भ गर्ने समय रहेको छ, आफ्नो लाभांशप्रति दाबी गर्न सक्छन् धैर्य रहनुहोला।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
खर्चको मात्रा बढेर जानेछ, टाउको सम्बन्धी समस्या बढ्न सक्छ, मन अशान्त रहनेछ, आफन्तको सहयोगले गरेको कलता मिल्नेछ।

कुम्भ (गे, गो, सा, सि, सु, से, सो, द) -
खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति प गर्नुपर्छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ।

मीन (दु, थ, झ, ञ, दे, दो, च, चि) -
गतिशील बन्नेछ, जुनसुकै काम गरे पनि सिद्ध हुने न हर्षित रहनेछ, साथीभाइले साथ दिनेछन्।